# मानव अधिकारपत्र

राष्ट्रिय मानव अधिकार आयोगको नियमित प्रकाशन

वर्ष ६ अङ्क ५ फागुन र चत


## पाचौं मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अवस्था विषयक अन्तरक्रिया




राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेश कार्यालय, पोखरा र अनौपचारिक क्षेत्र सेवा केन्द्र (ईन्सेक), गण्डकी प्रदेश कार्यालय, पोखराको समन्वय एवं मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश, पोखराको आयोजनामा मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अवस्था विषयक एक दिवसीय अन्तरक्रिया कार्यक्रम मिति २०८०/११/२३ गते नवलपरासी (बर्दघाट-सुस्तापूर्व) जिल्लामा सम्पन्न भएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेशका कानून सचिव शम्भुराज रेग्मीको अध्यक्षता र जिल्ला समन्वय समिति, नवलपरासी (बर्दघाट-सुस्तापूर्व) जिल्लाका समन्वय प्रमुख बाबुराम विश्वकर्माको प्रमुख आतिथ्यतामा सम्पन्न भएको कार्यक्रममा नवलपरासी (बर्दघाट-सुस्तापूर्व) जिल्ला समन्वय समितिका पदाधिकारीहरु, जिल्ला अन्तर्गतका स्थानीय तहका प्रमुख एवं प्रतिनिधि र कर्मचारीहरु, सहायक प्रमुख जिल्ला अधिकारी, मानव अधिकारको क्षेत्रमा काम गर्ने संघ

संस्थाका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि तथा संचारकर्मीहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा कार्ययोजनाले समेटेका विषयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेशका कानून सचिव शम्भुराज रेग्मी र कार्ययोजना कार्यान्वयन अवस्थाको बारेमा आयोगको गण्डकी प्रदेश कार्यालय, पोखराका मानव अधिकार अधिकृत मोहन काफ्लेले सहजीकरण गरेका थिए ।

कार्यक्रममा प्रमुख अतिथी बाबुराम विश्वकर्माले सामाजिक, आर्थिक, राजनीतिक रुपमा पछाडी परेका वर्गहरु मानव अधिकार उपभोग गर्नबाट वञ्चित हुनुपरेको उल्लेख गर्दै नेपालको संविधानले सबैको हक अधिकार सुनिश्चित गरेको भएपनि प्रभावकारी कार्यान्वयन नहुँदा समस्या उत्पन्न भएको धारणा राख्नुभयो । साथै उहाँले

नवलपरासी (बर्दघाट-सुस्तापूर्व) जिल्लामा पाँचौं मानव अधिकार राष्ट्रिय योजनाले व्यवस्था गरेको जिल्ला समन्वय समिति गठन भएको र जिल्लामा रहेका सबै स्थानीय तहहरुमा स्थानीय तह समन्वय समिति गठनका लागि पहल गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभएको थियो ।

## मानव अधिकार अवस्थाबारे नागरिक समाजसँग छलफल



राष्ट्रिय मानव अधिकार आयोगले मिति २०८० फागुन २९ गते वुटवलस्थित मानव अधिकारको क्षेत्रमा क्रियाशिल विभिन्न संघ संस्था तथा नागरिक समाजसँग लुम्बिनी प्रदेशको मानव अधिकार अवस्था, आयोगको प्रदेश कार्यालयसँगको समन्वय र सहकार्यलगायतका विषयमा छलफल कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रम आयोगको केन्द्रीय कार्यालय, समन्वय विभाग प्रमुख सहसचिव सम्झना शर्माको अध्यक्षतामा सम्पन्न भएको थियो । लुम्बिनी प्रदेश कार्यालयका मानव अधिकार अधिकृत श्री दिपक ठाकुरले सञ्चालन गर्नुभएको थियो ।

कार्यक्रमको उद्देश्यमाथी प्रकास पार्दै केन्द्रीय कार्यालयस्थित प्रदेश कार्यालय समन्वय महाशाखाका प्रमुख उपसचिव रमेशकुमार थापाले आयोगको स्थापनाको लागि मानव अधिकारकर्मी र नागरिक समाजका प्रतिनिधिहरुको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्नुभयो । मानव मानव अधिकार संरक्षण र सर्म्वधनमा सरोकारवाला निकायसँगको समन्वय र सहकार्य अपरिहार्य रहेको बताउँदै उहाँले समन्वय र सहकार्यबाट नै मानव अधिकारको संरक्षण गर्न सकिने र सरोकारवालाबाट प्राप्त सल्लाह र सुझावहरुले आयोगलाई मार्ग निर्देशन गर्ने हुँदा सल्लाह सुझावहरु संकलन गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको बताउनु भयो ।

कार्यक्रममा लुम्बिनी प्रदेश कार्यालय बुटवलका कार्यालय प्रमुख, उपसचिव सोमनाथ सुवेदीले लुम्बिनी प्रदेशको मानव अधिकार अवस्थाबारे प्रकाश पार्नुभएको थियो । प्रस्तुतिकरणको क्रममा उहाँले आयोग हरतरहले उपलब्ध स्रोत साधनको महत्तम उपयोग गरी प्रदेशको मानव अधिकार अवस्था सुधार गर्न आफ्नो भूमिकामा रहिरहने प्रतिबद्धता समेत व्यक्त गर्नुभयो । छलफलमा मानव अधिकार रक्षकहरुले असुरक्षित अवस्थामा काम गर्नुपरिरहेको, लागु औषध दुर्व्यसनी र मानसिक स्वास्थ्यको समस्या लागयतका कारण आत्महत्याका घटनाहरुमा वृद्धि भइरहेको, महिला हिंसा र बालविवाहका घटनाहरु कायमै रहेको, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायप्रति समाजको हेर्ने दृष्टिकोण सकारात्मक नरहेकोले यस समुदायका व्यक्तिहरु परिवार र समाजको बहुपक्षीय हिंसाबाट पीडित भइरहेको लगायतका मानव अधिकारका सवालहरु सहभागीहरुले उठाएका थिए । यी सवालहरुको सम्बोधन गर्न आयोगको भूमिका महत्वपूर्ण हुने बताउँदै आयोगले मानव अधिकारको प्रबर्द्धन र सचेतनामा नागरिक समाजसँग अझ बढी समन्वय र सहकार्य गर्दै अगाडि बढ्नुपर्नेमा सहभागीहरुले जोड दिएका थिए ।

अन्तमा छलफलमा उठेका विषयहरुलाई सम्बोधन गर्दै आयोगका सहसचिव सम्भना शर्माले नागरिक समाज र आयोगको सम्बन्ध आयोग स्थापनाको दौरानदेखि नै अन्योन्याश्रित रहेको बताउनु भयो । सामाजिक विभेद, असमानता, वहिष्करण लगायत मानव अधिकार दुरुत्साहन र हननका घट्नाहरुको उठान गर्ने कार्यमा नागरिक समाजको भूमिका अतुलनीय रहेको बताउँदै उक्त घट्नाहरु आयोगको पहुँचमा ल्याउन सक्दो पहल गर्न नागरिक समाजलाई आग्रह गर्नुभयो । मानव अधिकार घट्नाहरुको अभिलेखिकरण गर्ने र मानव अधिकार विषयमा क्षमता अभिबृद्धि गर्ने गराउने कार्यमा आयोगको अभिभावकीय भूमिका रहेको र यस भूमिकालाई आगामी दिनहरुमा अझै मजवुद बनाउन प्रयास गरिने बताउनुभयो । कार्यक्रममा बुटवलस्थित विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधि तथा नागरिक समाजका व्यक्तिहरु, सञ्चारकर्मीहरु र आयोगको लुम्बिनी प्रदेश कार्यालय बुटवलका कर्मचारीहरु गरी ५६ जनाको सहभागिता रहेको थियो ।

**जातीय भेदभाव उन्मूलन समितिले २०१८ मा नेपाललाई गरेको सिफारिस कार्यान्वयन सम्बन्धमा छलफल**



जातीय भेदभाव उन्मूलन समितिले सन् २०१८ मा नेपाललाई गरेको सिफारिस (Concluding Observations) को कार्यान्वयन अवस्थाका विषयमा आयोगले २०८० चैत्र १४ गते ललितपुरमा आयोगका माननीय सदस्य डा.सूर्य प्रसाद ढुंगेलको अध्यक्षतामा कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा राष्ट्रिय दलित आयोगका माननीय अध्यक्ष देवराज विश्वकर्मा, संवैधानिक आयोगहरु, विभिन्न मन्त्रालय, नेपाल प्रहरी, स्थानीय तह र अधिकारको क्षेत्रमा क्रियशील विभिन्न विषयगत संघ संस्थाका प्रतिनिधि सहित आयोगका निमित्त सचिव, सहसचिवहरु, महाशाखा प्रमुख तथा कर्मचारी सहित ४० जनाको सहभागितामा कार्यक्रम भएको छ ।



कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयको मानव अधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा प्रमुख राजेन्द्र थापा र एसीय दलित राइस फोरमका महासचिव भक्त विश्वकर्माले प्रस्तुतीकरण गर्नु भएको थियो भने आयोगका सामूहिक अधिकार महाशाखा प्रमुख बुद्ध नारायण साहनीले स्वागत मन्तव्य एवं कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो । आयोगका मानव अधिकार अधिकृत दिपक थापाले सञ्चालन गरेको कार्यक्रममा समितिका सिफारिस गरेका भेदभावको परिभाष तथा अपराधिकरण, अनुसन्धान, न्याय तथा क्षतिपूर्ति, शिक्षा, नागरिकता, दलित महिला, भूमिहिनता लगायतका विषयमा केही काम भएता पनि धेरै काम गर्न बाँकी रहेको विषय जोडदार रुपमा उठान भएको थियो ।

**संवाहकका लेखक तथा पत्रकारहरुबिच छलफल कार्यक्रम**

राष्ट्रिय मानव अधिकार आयोगले संवाहकको समीक्षा गर्ने सन्दर्भमा मिति २०८० चैत ४ गते संवाहकका लेखक तथा पत्रकारसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । आयोगबाट विगतदेखि प्रकाशन हुँदै आएको खोजमूलक पुस्तक संवाहकका राम्रा पक्षहरु र सुधार गर्नुपर्ने पक्षहरुमा लेखकहरुबाटै सुझाव लिने र आगामि दिनमा थप परिष्कृत गर्दै लैजाने प्रमुख उद्देश्यले कार्यक्रमको आयोजना गरिएको थियो । आयोगका माननीय अध्यक्ष तपबहादुर मगरको अध्यक्षतामा सम्पन्न कार्यक्रममा आयोगका सहसचिव सम्भना शर्माले स्वागत तथा उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो । आयोगका



पूर्वसचिव तथा प्राध्यापक विशाल खनालले सम्बाहकको समीक्षासहितको प्रस्तुतिकरण गर्नुभएको थियो ।

कार्यक्रममा प्रस्तुतिकरण गर्दै आयोगका पूर्व सचिव तथा प्राध्यापक विशाल खनालले बताउनुभयो, "मानव अधिकारको सचेतना अभिवृद्धि गर्ने दायित्व आयोगलाई संविधान र राष्ट्रिय मानव अधिकार आयोग ऐनले तोकेको छ । यसको लागि आयोगले विभिन्न गतिविधि तथा कार्यक्रमहरु गर्न सक्दछ । मानव अधिकार सचेतना तथा मानव अधिकार सवालहरुलाई उजागर गर्ने सन्दर्भमा मानव अधिकार जर्नल प्रकाशन गरिएको हो । आयोगको कार्य Academic भन्दा पनि Professional भएको हुनाले यसलाई Professional Journal को रुपमा अगाडि बढाउनुपर्दछ । कार्यक्रममा उहाँले जर्नलमा प्रकाशित लेखमा हुनुपर्ने विषयवस्तुको चयन, Methodological Aspects Likewise; Rule of Citation, Main Research Methods, Fixed matters (Areas/Scopes/Abstract/Key Words) लगायतमा ध्यान दिनुपर्ने बताउनुभयो । पाठकहरुको Periodic रुपमा सर्भे गर्नुपर्ने, आयोगले संवाहकको प्रकाशनदेखि वितरण सम्मका सबै प्रक्रियाहरुलाई महत्वका साथ हेनुपर्ने बताउनु भयो । साथ, प्रकाशनका अवसर तथा चुनौतिहरुबारे विस्तृतरुपमा प्रस्तुतिकरण गर्नुभएको थियो ।"

छलफलको क्रममा संवाहक मानव अधिकार आयोगको महत्वपूर्ण प्रकाशन भएकोले यसलाई गुणस्तरीय बनाउनुपर्नेमा जोड दिइएको थियो । विषयवस्तु र लेखकहरुको सूचि तयार, संवाहकको प्रकाशनदेखि वितरणसम्मका प्रक्रियाहरुलाई सूक्ष्म रुपबाट हेरिनुपर्ने बताइएको थियो । दक्ष सम्पादन समिति बनाई Plegarism Check, Citation, Content, Proof Reading लगायतका पक्षलाई अत्यन्त सूक्ष्म रुपमा हेर्नुपर्ने साथै, सम्पादन समितिलाई साधन स्रोत सम्पन्न बनाई Proactive रुपमा कार्य गर्नुपर्ने सुझाव प्राप्त भएको थियो ।

कार्यक्रममा बोल्दै आयोगका माननीय अध्यक्ष तपबहादुर मगरले आयोगबाट प्रकाशन हुँदै आएको मानव अधिकार जर्नल संवाहकलाई अझ बढी गुणस्तरीय र प्रभावकारी बनाउनको लागि छलफलबाट प्राप्त सुझावहरु अत्यन्त महत्वपूर्ण रहेको बताउनुभयो । आयोगले आगामि दिनमा भाषागत र ऋृष्तबतष्यल का विषयलाई कार्यान्वयन गर्दै लैजाने भनाई राख्नुभयो ।



कार्यक्रममा आयोगका का.मु. सचिव मुरारिप्रसाद खरेल, संवाहकमा लेख पठाउनुभएका विश्वविद्यालयका प्राध्यापकहरु, नेपाल सरकारका पूर्व प्रशासकहरु, कानुन व्यवसायी तथा न्यायिक क्षेत्रमा क्रियाशील व्यक्तिहरु, संयुक्त राष्ट्रसंघीय निकायमा कार्यरत व्यक्ति, आयोगका सहसचिवहरु, उपसचिवहरु, सामाजिक अभियान्ता, सञ्चारकर्मीहरु र संवाहक प्रकाशनमा आवद्ध आयोगका कर्मचारीहरु गरी ४७ जनाको उपस्थिति रहेको थियो ।

**संकलन/सम्पादन मण्डल**

कैलाशकुमार सिवाकोटी
दुर्गा पोखरेल
पवन भण्डारी